**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०४ अप्रेल २०२४

समयः १८:५० - १९:०० बजे

**<u>प्रमुख समाचार</u>**

१. प्रधानमन्त्री तथा मुख्यमन्त्रीको एकै दिनमा चुनावी प्रचारका कारण कुचबिहार राजनीतिक रूपमा तातेको छ

२. राष्ट्रपति द्रौपदी मुर्मूले आज मुंबईमा भारतीय प्रौद्योगिकी संस्थान, आईआईटी बह्म्बेमा भारतको पहिलो स्वदेशी सीएआर-टी थेरेपी राष्ट्रलाई समर्पित गर्नुभयो।

३. आगामी लोकसभा चुनावमा दार्जीलिङ संसदीय सिटको लागि कांग्रेस पार्टीका उम्मेद्वार डा मुनिष तामाङले आज आफ्नो नामांकन पत्र भर्नुभएको छ।

४. गोर्खा सांस्कृतिक संस्थान खरसाङको आयोजनामा यसपाली पनि पहिलो वैशाखको कार्यक्रम भव्य रूपमा पालन गरिने भएको छ।

५. कोलकाता महानगर लगायत राज्यका अन्य भागहरुमा गर्मी बढ्न शुरू भएको छ।

**<u>कुचबिहार</u>**

एकातिर प्रधानमन्त्री तथा अर्कोतिर मुख्यमन्त्रीको एकै दिनमा चुनावी प्रचारका कारण कुचबिहार राजनीतिक रूपमा तातेको छ। यसै क्रममा आज मुख्यमन्त्रीले माथाभाङ्गा विधानसभाको गुमानीर हाटमा जनसभालाई सम्बोधन गर्नुभएको थियो । जनसभामा सम्बोधन गर्दै कुचबिहारका बीजेपी उम्मेदवार निशित प्रामानिकलाई तृणमूलबाट फ्याँकिएका चीज बताउदै आज भाजपाको धन रहेको बताउनु भयो। यस दिन उहाँले केन्द्रको आलोचना गर्नुका साथै प्रदेश सरकारका विभिन्न परियोजनाका बारेमा आफ्नो भनाइ राख्नुभएको थिए। सम्बोधन क्रममा भाजपाले कुनै पनि संविधान नमानेको आरोप मुख्यमन्त्रीले लगाउनु भयो भने भाजपाले घरको पैसा रोकेकोए १०० दिनको काम रोकेको बताउनु भयो।अर्कोतर्फए प्रधानमन्त्री नरेन्द्र मोदीले कुचबिहार रास मेला मैदानमा जनसभालाई सम्बोधन गर्नुभएको छ। आज दिउँसो ३:५० बजे कुचबिहार एयरपोर्टबाट जमिनी मार्ग हुदै रास मेला मैदान पुग्नुभएको प्रधानमन्त्रीले विगत १० वर्षमा जे भयो त्यो ट्रेलर मात्रै होए देशका लागि अरु धेरै कुरा हुने बताउनु भयो। सन्देशखालीको विषय उठाउदै प्रधानमन्त्रीले फेरि एकपटक राज्य सरकार र तृणमूलको आलोचना गर्नुभएको छ यसैगरी राज्यमा विभिन्न परियोजनाहरू कार्यान्वयन हुन नसकेको बताउदै विभिन्न क्षेत्रमा भ्रष्टाचार भइरहेको प्रधानमन्त्रीले बताउनुभयो।

****** ० ******

**<u>संशो. राष्ट्रपति- मुम्बई दौरा</u>**

राष्ट्रपति द्रौपदी मुर्मूले आज मुंबईमा भारतीय प्रौद्योगिकी संस्थान, **आईआईटी** बॉम्बेमा भारतको पहिलो स्वदेशी सीएआर-टी थेरेपी राष्ट्रलाई समर्पित गर्नुभयो।यस अवसरमा राष्ट्रपतिले यो 'सीएआर-टी सेल थेरेपी' उपचार जुन पहुँचयोग्य र किफायती छ भन्दै यसले सम्पूर्ण मानव जातिलाई नयाँ आशा प्रदान गर्नेछ भन्नुभयो । भारतको यो पहिलो जीन थेरेपी द्वारा कैयन रोगीहरुलाई नयाँ जीवन प्रदान गर्नमा सफल हुनेछ भनि राष्ट्रपतिले आशा व्यक्त गर्नुभयो।नेक्स सीएआर-19 सीएआर-टी थेरेपी भारतको पहिलो स्वदेशी थेरेपी है। यस अवसरमा आईआईटी बॉम्बेका निदेशक प्रोफेसर सुभासिस चौधरी, टाटा मेमोरियल सेंटरका निदेशक प्रोफेसर सुदीप गुप्ता र अन्यगणमान्य व्यक्तिहरुको उपस्थित रहेको थियो।

****** ० ******

**REV बीजेपी-घोषणापत्र बैठक**

बीजेपाको चुनावी घोषणापत्र समितिको बैठक पार्टी मुख्यालय नयाँ दिल्लीमा जारी छ। समितिले आगामी लोकसभा निर्वाचनका लागि पार्टीको घोषणापत्रलाई अन्तिम रूप दिनेछ । बीजेपीका वरिष्ठ नेता राजनाथ सिंहको नेतृत्वमा 27 सदस्यीय समितिको यो दोस्रो बैठक हो। बैठकमा पार्टीका वरिष्ठ नेता निर्मला सीतारमण, अश्विनी वैष्णव, किरेन रिजिजु र अन्य मंत्रीहरु पनि उपस्थित हुनुहुन्छ।

****** ० ******

**डा मुनिष तामाङ**

आगामी लोकसभा चुनावमा दार्जीलिङ संसदीय सिटको लागि कांग्रेस पार्टीका उम्मेद्वार डा मुनिष तामाङले आज आफ्नो नामांकन पत्र भर्नुभएको छ। कंग्रेस प्रार्थी डा मुनिष तामाङको समर्थनमा आज कांग्रेस पार्टी, सीपीआइएम पार्टीसहित हाम्रो पार्टीका सदस्यहरू दार्जीलिङको पी कोठीमा भेला भएर क्लबसाइड हुँदै दार्जीलिङ जिल्ला शासक कार्यालयसम्म र्‍याली निकालेका थिए। दार्जिलिङ जिल्ला शासक कार्यालयमा पुगेर कंग्रेस पार्टीको प्रार्थी डा मुनिष तामाङले आफ्नो नामांकन पत्र भरेर जिल्ला शासक डा प्रीति गोयललाई बुझाउनु भएको छ। डा मुनिष तामाङको नामांकन पत्र बुझाउँदा कंग्रेसको वरिष्ठ नेता एंव पूर्व विधायक शंकर मालाकर, सीपीआईएमको नेता तथा पूर्व सांसद समन पाठक, हाम्रो पार्टीको अध्यक्ष अजय एडवर्ड पनि उपस्थित रहेका थिए।

****** ० ******

**राजू बिस्ट फांसीदेवा**

दार्जिलिङ लोकसभा सिटबाट **बीजेपी** उम्मेदवार राजु विष्टले आज चुनाव प्रचार गर्नु भयो । उँहाले ज्योति नगर स्थित काली मन्दिरमा पूजा अर्चना गर्नुभयो।त्यसपछि उँहाले बीडीओ कार्यालय र जालसदेखि रंगापानीसम्म चुनाव प्रचार गर्नु भयो । उँहाले आज लिचुपाक्रीस्थित पहाडी माताको मन्दिरमा पनि पूजा अर्चना गर्नुभयो। चुनावी प्रचारको क्रममा राजु विष्टले मानिसहरुको उत्साह देख्दा आफूलाई धेरै खुशी लागेको बताउनु भयो । यस क्षेत्रका मानिसहरु सचेत छन् तृणमूललाई होईन प्रधानमन्त्री नरेन्द्र मोदीलाई हेरेर भोट दिने छन भनि विश्वास व्यक्त गर्नु भयो। यस क्षेत्रका मानिसहरुले जलजीवन मिसन अन्तर्गत पानी नपाएको पनि उल्लेख गर्नु भयो । उँहाले जनस्वास्थ्य **तकनीकी** विभागका अधिकारीलाई चेतावनी दिनुका साथै सीमामा गाई तस्करीका बारेमा पनि पुलिसलाई सचेत गराउनु भयो ।

****** ० ******

**गोपाल लामा प्रचार**

सिलीगुड़ी नगर निगम को 10 नंबर वार्डमा तृणमूल कांग्रेसका उम्मीदवार गोपाल लामाले चुनाव प्रचार गर्नुभयो। उँहाका साथ दार्जिलिंग जिला तृणमूल कांग्रेसकी सभानेत्री पापिया घोष पनि हुनुहुन्नयो। आज उँहाले 10 नंबर वार्ड स्थित काली मंदिरमा पूजा-अर्चन गर्नुभयो। त्यसपछि उँहाले पार्टी कार्यकर्ता र समर्थकहरुका साथ वार्डका विभिन्न इलाकाहरुमा घर-घर गएर वोट माग्नु भयो। साथै आम जनतासित उँहालाई भोट दिने अपील गर्नुभयो।

****** ० ******

**गोर्खा सांस्कृतिक संस्थान**

गोर्खा सांस्कृतिक संस्थान खरसाङको आयोजनामा यसपाली पनि पहिलो वैशाखको कार्यक्रम भव्य रूपमा पालन गरिने भएको छ। पहिलो वैशाखको कार्यक्रमलाई लिएर आज खरसाङको गोर्खा जनपुस्ताकालय भवनमा खरसाङका विभिन्न संघ संस्थाहरूका प्रतिनिधिहरूलाई लिएर सभा सम्पन्न भएको छ। सभापछि पत्रकारहरूसित कुराकानी गर्दै गोर्खा सांस्कृतिक संस्थान खरसाङकी अध्यक्षा आशा मुखिया लामाले यसपाली पनि गोर्खा सांस्कृतिक संस्थान खरसाङको आयोजनामा नेपाली नयाँ वर्ष बिक्रम सम्वत् 2081 भव्य रूपमा पालन गरिने जानकारी गराइन्। उनले यसपाली पनि खरसाङमा सांस्कृतिक शोभा यात्रा निकालिने

र उक्त सांस्कृतिक शोभा यात्रा खरसाङको बस टर्मिनसस्थित गोर्खा सांस्कृतिक चिन्तन भवनदेखि शुरु भएर खरसाङ बजार परिक्रमा गरेर रेलवे स्टेशन हुँदै खरसाङको नयाँ बजारस्थित टाउन सार्वजनिक भवनसम्म पुगेर समापन हुने जानकारी गराएका छन्। उनले बताए अनुसार यसपाली मुख्य आकर्षणके रूपमा गोर्खा सांस्कृतिक संस्थानको आयोजनामा विभूति सम्मान कार्यक्रम आयोजना गरिने र यस क्रममा पद्माश्री पुरस्कार प्रापक डा एकलव्य शर्मा, फिल्म शान्तिको लागि अन्तर्राष्ट्रीय पुरस्कार प्रापक विवेक राई र यसै फिल्मको पटकथा लेखिका वरिष्ठ नारी हस्ताक्षर छिमी ओङ्गु अनि वरिष्ठ साहित्यकार एंव काष्ठकार युध्दवीर राणा आदिलाई विभूति सम्मान प्रदान गरिने भएको छ। यसको साथै खेलकूदमा अन्तर्राष्ट्रीय स्तरमा खरसाङलाई प्रतिनिधित्व गरिरहेका एकजना वरिष्ठ खेलाडीलाई पनि सम्मान गरिने भएको जानकारी गराएकी छन्।

****** ० ******

**ई.डी**

प्रर्वतन निदेशालयले निलम्बित तृणमूल क्ग्रेस नेता शेख शाहजहानको व्यात्तिगत बैंक खाताहरू साथै उनको स्वामित्वमा रहेको व्यवसायहरूसंग जोड़िएको खाताहरू फ्रिज गर्ने प्रक्रिया शुरू गरेको छ। ईऋडी स्रोतले बताए अनुसार उक्त प्रक्रिया दुई बैंक खाताहरूबाट व्यात्तिगत रूपमा र अर्को माछा निर्यात संस्था “मेसर्स शेख सबिना फिश सप्लाई अनली” को खाताको जुन शाहजहानकी छोरीको नाममा छ। ई.डी का अधिकारीहरूले यी दुई खातमा हुन रकमो कारोबार तत्काल रोक्न सम्बन्धिता बैंकका अधिरीहरूलाई पत्र लेखेका छन्। शाहजहान उनका परिवारका सदस्य र नजिकका सहयोगीहरूसंग जोड़िएका अन्रू बैंक खातामा भएको कारोबारको विवरणबारे पनि केही बैंक अधिकारीहरूलाई सोध पूछ गरिसकेको छ।

****** ० ******

**एलिगेशन**

मध्यरातसम्म डि.जे बजाएको विरोध गरेको भन्दै सिलगड़ीमा एक विधालयका शिक्षकलाई कुटपिट गरिएको आरोप छ। यो घटना सिलगड़ीको वार्ड नम्बर ३६ अर्न्तगत पंचायत कलोनी क्षेत्रको बताइएको छ। बुधबार राति १२.३० बजे उक्त क्षेत्रको एउटा घरमा डीजे बजीरहेको हुँदा अभिजीत सरकार नाम गरेको एक व्यात्तिले राती गएर डी जे बन्द गरिदिएको बताएका छन् र डीजे बन्द गर्न जाँदा उक्त व्यात्तिलाई कुटपिट गरएको साथ-साथ मोबाईल ुोन पनि फूटाई दिएको जानकारी प्राप्त भएको छ भने धायल वयात्तिलाई वरिपरिका वासिन्दाहरूले सिलगड़ी जिल्ला अस्पतालमा भर्ना गरिएको छ भने यस घटना सम्बन्धी आशीघर चौकीमा लिखित शिकायत दार्ता गरिएको छ।

****** ० ******

**राज्यपाल**

पश्चिम बङ्गालका सरकारी विश्वविद्यालयहरूमा सञ्चालन अन्योलको बहसबीच शिक्षा मन्त्री ब्रत्य बसुले राज्यपाललाई आपत्तिजनक शब्द प्रयोग गरेपछि राज्यपाल सी.वी. आनंद बोसले आफ्नो संवैधानिक सहकर्मी मुख्यमन्त्री ममता बनर्जीसँग उनको सम्बन्धलाई बिगार्ने प्रयास भएको बताउनु भएको छ।राजभवनले सामाजिक सञ्जाल एक्समा एक पोस्टमा 'मन्त्री ब्रत्य बसुले गभर्नरलाई आपत्तिजनक शब्द प्रयोग गरेका छन्। विश्वविद्यालयको अन्तरिम उपकुलपति नियुक्तिका लागि मन्त्रीले सुझाएका चारै जनाको नाम राज्यपालले स्वीकार गरेको बेला यस्तो घोषणा शब्द आएको हो ।

****** ० ******

**काँचो तेल**

अन्तरराष्ट्रिय बजारमा काँचो तेलको मूल्यमा तीव्रता देखिएको छ। ब्रेंट क्रुडको मूल्य 90 डलर र डब्ल्यूटीआई क्रुडको 86 डलर प्रतिब्यारल नजिक पुगेको छ। सार्वजनिक क्षेत्रका तेल एवं ग्यास कम्पनीहरूले हिजो पेट्रोल-डिजलको मूल्यमा कुनै फेरबदल गरेका छैनन्।इण्डियन ओयलको वेबसाइट अनुसार दिल्लीमा पेट्रोल 94.72 रुपियाँ, डिजल 87.62 रुपियाँ, मुम्बईमा पेट्रोल 104.21 रुपियाँ, डिजल 92.15 रुपियाँ, कोलकातामा पेट्रोल 103.94 रुपियाँ, डिजल 90.76 रुपियाँ, चेन्नईमा पेट्रोल 100.75 रुपियाँ औ डिजल 92.34 रुपियाँ प्रतिलीटरको दरमा उपलब्ध छ।

****** ० ******

**मौसम**

कोलकाता महानगर लगायत राज्यका अन्य भागहरुमा गर्मी बढ्न शुरू भएको छ। अलिपुर स्थित मौसम विभागको क्षेत्रीय मुख्यालयबाट प्राप्त जानकारी अनुसार आज कोलकाताको न्यूनतम तापक्रम 27.7 डिग्री सेल्सियस रिकर्ड गरियो जुन सामान्य भन्दा 3 डिग्री अधिक हो। अधिकतम तापमान भने 37 डिग्री सेल्सियस रेकर्ड गरिएको छ। कोलकाता लगायत हावड़ा, हुगली, उत्तर र दक्षिण 24 परगना पूर्व अनि पश्चिम मिदनापुर, पुरुलिया, बाँकुडा समेत राज्यका अन्य भागहरूमा तापक्रम 28 देखि 38 डिग्री सेल्सियस बीच रहेको छ, जसको कारण भीषण गर्मी भईरहेको छ। मौसम बिभागले थप भनेको छ अप्रैल महिनामा सम्पुर्ण बंगालमा गर्मी बढ्ने सम्भावना रहेको छ अनि आगामी साता तापक्रममा अझै बढोत्तरी हुने अनि अधिकतम तापक्रम 45 डिग्री सेलसियस पुग्ने अनुमान लगाइएको छ।

****** ० ******

**बिहार**

बिहारमा लोकसभा चुनाउको निम्ति मतदान सात चरणमा हुनेछ। यसलाई लिएर सबै पार्टीहरूले आफ्ना स्टार प्रचारकहरूलाई मैदानमा उतारेको छ। बिहारमा सबै चरणहरूमा प्रधानमन्त्री नरेन्द्र मोदी सहित गृहमन्त्री अमित शाहले चुनावी सभालाई सम्बोधित गर्नुहुनेछ। प्रधानमन्त्रीले राज्यमा कम्तीमा 13 जनसभालाई सम्बोधित गर्नुहुनेछ। यसै क्रममा प्रधानमन्त्री मोदीले आज जमुईमा जनसभालाई सम्बोधित गर्नुभयो भने दोस्रो जनसभा 07 अप्रेलको दिन नवादा लोकसभा क्षेत्रमा हुनेछ। नवादामा भाजपाका विवेक ठाकुर राजगको उम्मेदवार हुन्। यसैगरी पहिलो चरणको औरंगाबाद लोकसभा सीटको लागि भइरहेको चुनाउ प्रचारमा 06 अप्रेलमा केन्द्रिय गृहमन्त्री अमित शाह बिहार आउनुहुनेछ। औरंगाबादमा उनको सभा हुनेछ।

****** ० ******